वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४३ अंक १९३ | २०८१ मंसिर १३ गते विहीबार, नेपाल सम्वत् ११४५ November 28, 2024 | पृष्ठ ४ | मूल्य : रू. ५/-



## मादी नदीको निर्माणाधिन पुल

पृथ्वीराजमार्ग अन्तर्गत व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदी माथिको पुल निर्माणको कामले तीव्रता पाएको छ । आयोजनाका अनुसार मादी पुलको भौतिक प्रगति ४५ प्रतिशत छ । मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड)मा पुलको ७ वटै जगको काम सम्पन्न भएको छ भने, दुई सय वटा पाइल र ७ वटा पिल्लरमध्ये ५ वटा पिल्लर निर्माणको काम सम्पन्न भएको छ । सुपर स्ट्रक्चरको काम पनि भइरहेको छ ।


पूर्वी खण्डअन्तर्गत १४ वटा साना पुल निर्माण सकिएका छन् । दुई ठूला पुल निर्माणको काम पनि अन्तिम चरणमा छन् । यस्तै, १०३ वटा कल्भर्ट निर्माणको काम सम्पन्न भएको छ ।

*तस्विर : सम्झना रसाइली/भञ्ज्याङ*

# छोरी कम जन्मिएका हुन् कि जन्माइएका ?

**सुमित्रा लुईटेल**

केही तथ्याङ्कको साझा निचोड के छ भने छोरीको संख्या घट्दैछ । चाहे तपाईं पछिल्लो जनगणनाको तथ्यांक केलाउनुहोस् वा कुनै प्रसूति अस्पतालको जन्म विवरण हेर्नुहोस् । छोरी जन्मिने क्रम निरन्तर घट्दो छ । र, यो स्थिति कायम रहेमा कुनैबेला मुलुकमा लैङ्गीक असन्तुलन प्रष्ट देखिनेछ। छोरी जन्मिने क्रम घटेको हो वा कम जन्माइएको हो ? यो रोचकभन्दा पनि संवेदनशील प्रश्न हो । यहाँ तथ्यांकलाई हेरौं । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कलाई हेर्ने हो भने जनगणना अनुसार कुल ४ लाख १२ हजार ९३५ नवजात शिशुमध्ये २ लाख १८ हजार ७४ (५२.८ प्रतिशत) छोरा र १ एक लाख ९४ हजार ८६१ (४७.३ प्रतिशत) छोरी रहेको छ । जनगणना भएको वर्ष २०७८ सालमा ११२ बालक जन्मिंदा १०० बालिका जन्मिरहेको देखिन्छ।



प्रसूति सम्बन्धी विशेषज्ञ सेवा दिने मुलुकको प्रमुख सरकारी अस्पताल परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा जन्मिएका शिशुहरूको तथ्याङ्क हेर्ने हो भने पनि छोरा जन्मिने संख्या बढी देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा अस्पतालमा कुल २२ हजार ३६२ शिशुको जन्म भयो । त्यसमध्ये छोरी १० हजार ४१६ छोरा ११ हजार ९४६ जना छन् ।

२०७६/७७ मा कुल २२ हजार ६८९ शिशुमध्ये छोरी १० हजार ५०५ छन् भने छोरा १२ हजार १८१ छन् । २०७७/७८ कुल २२ हजार २२२ शिशुमध्ये छोरी १० हजार ४३५ छन् भने छोरा ११ हजार ७८७ छन् । २०७८/७९ मा कुल २४ हजार ५९३ शिशुको जन्म भएकोमा छोरी ११ हजार ४१५ छोरा १३ हजार १७८ जना जन्मिएका छन् ।

२०७९/८० मा २४ हजार ९१४ जन्मेका शिशुमध्ये छोरा ११ हजार ५७७ छोरी १३ हजार ३३८ छन् । त्यस्तै २०८०/८१ मा कुल २२ हजार ६१२ शिशुमध्ये छोरी १० हजार ५१६ र छोरा १२ हजार ५७ छन् । प्रसूति गृहमा पाँच वर्षमा जन्मिएका १ लाख ३९ हजार ३९१ शिशुमध्ये छोरी ६४ हजार ९०४ र छोरा ७४ हजार ४८७ छ । पाँच वर्षको अन्तरालमा जन्मिएका छोराको संख्या छोरीको भन्दा ९ हजार ५८३ ले बढी छ ।

**किन घट्दैछ छोरीको संख्या ?**

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय जनसंख्या विभाग प्रमुख योगेन्द्रबहादुर गुरूङका अनुसार नेपालमा छोरीको तुलनामा छोराको जन्म किन बढी भइरहेको छ भन्ने कुरामा धेरै कुरा जिम्मेवार छ । विश्वका धेरै देशमा प्रजनन् दर नै घट्दै गइरहेको छ । नेपालमा पनि यो दर घट्दै गएको छ । 'पहिले चार-पाँच जना सन्तान जन्माउँदा केही छोरा, केही छोरी जन्मन्थे । कसैकसैको मात्र कि छोराछोरा कि छोरीछोरी जन्मिन्थे। त्यसैले छेरा र छोरीको खासै चासो हुँदैन थियो' गुरूङ भन्छन्, 'तर जब प्रजनन् दर घट्दै जान्छ। तब छोरा चाहिं नभई नहुने, छोरी चाहिं नभए पनि हुन्छ भन्ने सोचतिर समाज गएको छ ।'

उनी अगाडि भन्छन्, 'हाम्रो समाज त पितृसत्तात्मक सोचले गाँजिएको छ । त्यसको प्रभावले गर्दा छोरा चाहिं जन्माउनैपर्छ भन्ने एउटा सोच छ । छोराले वंश धान्छ, छोराले नै वैतरणी तार्छ, सम्पत्ति खान्छ भनेर पनि छोरा नै जन्माउन चाहन्छन् । त्यसैले छोरा जन्मिने क्रम बढ्छ ।'

अहिले विभिन्न प्रविधिमार्फत गर्भमा हुर्कीरहेको सन्तान छोरा वा छोरी के हो भनेर हेर्न मिल्छ। आफूले चाहेको सन्तान जन्माउने गर्दा पनि छोरा जन्मिने दर बढेको हुनसक्ने उनी बताउँछन् । जनसंख्यालाई आधार मान्ने हो भने पनि जसको पहिलो सन्तानको रूपमा छोरा जन्मिएको छ उनीहरूको छोरी हुँदैन । दुई सन्तान हुनेहरूको छोरा-छोरी, छोरी-छोरा छन् भने अर्को सन्तान जन्मेको हुँदैन । दुईजना छोरी छोरी छन् भने उनीहरूले अर्को छोरा जन्माउने गरेको पाइन्छ।

'जनगणना भएको वर्ष २०७८ सालमा ११२ बालक जन्मिंदा १०० बालिका जन्मिरहेको देखिन्छ । धनुषामा भने १०० बालिका जन्मिंदा लगभग १२७ बालक जन्मेको देखिन्छ । यसले तराईमा छोरीको जन्मदर झन् कम भएको देखायो' उनी भन्छन् । महिला सशक्तीकरणको क्षेत्रमा सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय संघसंस्थाले धेरै काम गरेका छन्। यसरी काम गरिरहँदा पनि नेपालमा कतिपय छोरी जन्मिनै पाउँदैनन् भने यसले त एउटा ठूलो प्रश्न खडा गर्छ । यसले त महिला सशक्तीकरणको क्षेत्रमा काम गराइ पुगेको छैन भन्ने कुरा औंल्याएको जनसंख्याविद् गुरूङ बताउँछन् ।

'महिला सशक्तीकरणका लागि उनीहरूको हक अधिकारको कुरा त हामी गर्छौं । तर यो कुरा सतही मात्र हो, मान्छेको मानसिकता र हृदयसम्म नै छोरीलाई माया, सम्मान गर्नुपर्छ भन्ने कुरा पुऱ्याउन सक्नुपर्छ। होइन भने छोरी जन्मिने क्रम क्रमशः घट्दै जान्छ' उनले भने ।

**छोरीको जन्म घट्नुले समाजमा कस्तो असर गर्छ?**

यसै गतिमा छोरीको जन्मदर घट्दै जाने हो भने नेपालमा छोरीको संख्या कम हुन्छ । यस्तो हुँदा विवाह गर्ने बेला केटाले केटी भेट्न नै गाह्रो हुने अवस्था सिर्जना हुनसक्छ । यस्तो हुँदा समाजमा यौनजन्य अपराधको घटना बढ्ने सम्भावना बढी हुने गुरूङ बताउँछन् । समाजमा यसरी छोरा जन्मिने क्रम बढ्दै जाने र छोरी जन्मिने क्रम घट्दै जाने हो भने लैङ्गिक विभेदलाई स्वीकार्ने सामाजिक मनोविज्ञान बन्ने समाज शास्त्री पौडेलले बताइन् । उनी भन्छिन्, 'साथै, छोरी जन्मिने क्रम घट्दा प्रजनन् दर घट्छ र कुल जनसंख्यामा नै असन्तुलन आउँछ।'

**छोरा बढी जन्मेको हो कि जन्माइएको हो ?**

प्राकृतिक रूपमा नै पनि छोरीको तुलनामा छोरा जन्मिने क्रम केही मात्रामा बढी हुन्छ । तर छोरा जन्मिने क्रम धेरै नै बढेको छ भने त्यसमा अन्य कारण पनि जोडिएको हुनसक्ने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. बालकृष्ण साह बताउँछन् ।

नेपालमा छोराको संख्या बढ्नुमा छोराको चाहनामा लिङ्ग पहिचान गरेर छोरीको गर्भपतन

बाँकी तेस्रो पेजमा

# पर्यटकीय गन्तव्य बन्दै तनहुँको 'झाँगाझोली'

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

तनहुँको शुक्लागण्डकी नगरपालिका-६ स्थित झाँगाझोली पछिल्लो समय पर्यटकीय गन्तव्य बन्दै गएको छ । नेपालीहरूको महानपर्व बडादसैं नजिकिएसँगै दैनिक यहाँ आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ । धार्मिक पर्यटकीयस्थलको रूपमा परिचित यस क्षेत्रमा पर्यटकको आवागमन बढ्दै गएको छ ।

तीन खोले मन्दिर नजिकै झाँगाझोली रहेको छ । मन्दिर जानेआउने एवं भक्तजन र पर्यटकहरु झाँगाझोली आउन छुटाउँदैनन् । विशेष गरी साँझको समयमा पर्यटकको चहलपहल बढ्ने गरेको स्थानीय शङ्करप्रसाद अधिकारीले बताए । रातिको समयमा यहाँबाट गौरादेवी उद्यानको अवलोकन गर्न पर्यटक लालायित हुने गरेका उनको भनाइ छ ।




पृथ्वी राजमार्गको खैरेनीटार बजारबाट दुई दशमलव पाँच किलोमिटरको दूरीमा झाँगाझोली रहेको छ । अधिकारीसहित तीनजनाले पर्यटकको आगमनलाई ध्यानमा राख्दै यहाँ करिब १७ रोपनी क्षेत्रफलमा रू दुई करोडको लगानीमा रिसोर्ट सञ्चालन गरेका छन् ।

दसैं बिदा भएसँगै व्यवस्थित बाल उद्यानमा रमाउन यहाँ आउने बालबालिकाको संख्या उल्लेख्य रहेको छ । राति १० बजेसम्म पर्यटक यहाँको मनोरम दृश्यमा रम्ने गरेका छन् । विशेष गरी जिल्लाको ऋषिङ, घिरिङ, भीमाद, म्याग्दे शुक्ला स्याङजा, पोखरा कोलाहल भएकाले शान्त वातावरणमा रमाउन आउने गरेका छन् । उनले भने, "अहिले दिनमा तीन सयसम्म पर्यटक घुम्न आउने गरेका छन् ।"

झाँगाझोलीमा अर्गानिक तरकारीखेती समेत सुरू गरिएको छ । करिब पाँच रोपनी क्षेत्रफलमा तरकारी खेती थालिएको रिसोर्ट सञ्चालक उज्वल पौडेलले बताए । यस क्षेत्रलाई घुम्न लायक स्थलको रूपमा विकास गर्न लागिएको उनले बताए । एकीकृत नमूना कृषितर्फ च्याउ र मौरी जडीबुटीको खेती थालिएको छ । बिहानको समयमा यस स्थानबाट देखिने हरियाली जंगलको मनमोहक दृश्य र खोलाको कलकल आवाज र शान्त एकान्तस्थलले पर्यटकलाई आनन्द दिलाउने गरेको छ ।

सरकारले पृथ्वीराजमार्गमा पर्ने खैरेनीटारदेखि झाँगाझोली चोकसम्म सडक कालोपत्र गर्न रू एक करोड विनियोजन गरेपश्चात ठेक्का सम्झौता भइसकेको छ । त्यसैगरी भवन विभागले झाँगाझोलीबाट दरगाउँ सडक खण्डमा कालोपत्र गर्न रू ५० लाख विनियोजन गरेको छ । सडक कालोपत्र गरिए यस क्षेत्रमा पर्यटकको आगमन अझै बढ्ने स्थानीयवासी बताउँछन् ।

# सम्पादकीय .........

www.bhanjyangnews.com

## ग्रामीण पर्यटन र घरबास

ग्रामीण पर्यटन प्रवर्द्धनमा होमस्टे (घरबास)ले महत्वपूर्ण भूमिका खेल्द छ । पर्यटन प्रवर्द्धन गरी गाउँमै रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ पछिल्ला केही वर्ष यता ग्रामीण क्षेत्रमा होमस्टे सञ्चालन गर्ने क्रम पनि बढ्दै गएको छ । गाउँगाउँमा होमस्टे सञ्चालन पश्चात रोजगारीको वातावरणसंगै स्थानीय उत्पादनले समेत मूल्य पाउने गरेको छ । पर्यटकीय गतिविधि बढ्नुका साथै आन्तरिक पर्यटकको घुम्ने संस्कृतिको समेत वृद्धि भएको छ । यति मात्र होइन तनहुँको व्यास नगरपालिकाको वडा नं. १३ स्थित आँपस्वाराको सामुदायिक होमस्टेले भने अल्लि फरक भूमिका खेल्दै आएको छ । यहाँका १८ घर परिवार दलित समुदायले समाजमा व्याप्त छुवाछुत अन्त्यका लागि होमस्टे सञ्चालन गरी नमुना र उदहारणीय बन्दै गएका छन् । २०७२ सालदेखि सञ्चालनमा आएको यो होमस्टे मुलुककै पहिलो दलित होमस्टे मात्रै होइन समाजमा नमुना समेत बन्दै गएको छ। रोजगारीका लागि भारत पसेका स्थानीय रेशम बि.क गाउँ फर्किएपछि गाउँमा होमस्टे सञ्चालन गर्ने अभियाननै चलाए । उनको यो अभियानले अहिले सार्थकता पाउन थालेको छ । गुरूङ, मगर, क्षेत्री, दलित लगायतका जातजातिको बसोबास रहेतापनि यस गाउँमा दलित समुदायको बाहुल्यता छ । छुवाछुतको अन्त्य र गाउँमै रोजगारीको अवसर सिर्जना गर्नका लागि दलित समुदायहरू एक जुट भएर २०७२ सालमा आँपस्वारा दलित समुदायिक होमस्टे सञ्चालन गरिएको थियो । २०६३ सालमा 'छुवाछुतमुक्त राष्ट्र' घोषण भएपनि सामाजमा अझैपनि अदृश्य तरिकाले छुवाछुत जस्तो कुकार्य कायम नै रहेको छ । यसलाई हटाउन नै होमस्टे सञ्चालन गरिएको होमस्टे सञ्चालकहरू बताउँछन् । पहिले त दलितहरूले चलाएको होमस्टेमा पाहुँना आउने हुन कि होइनन्, पाहुँना आए उनीहरूलाई स्वागत् के कसरी गर्ने, के खाना दिने भन्ने जस्ता कुरामा अलमलिएका होमस्टे सञ्चालकहरू अहिले ढुक्का छन् । पछिल्लो समयमा होमस्टेमा आन्तरिक, वाह्य पर्यटक सहजै पुग्ने गरेका छन् । दलित समुदायले सञ्चालन गरेको होमस्टे अहिले अध्ययन अवलोकनको स्थल समेत बन्दै गएको छ । अतिथि सत्कार, खाना बनाउने लगायतका तालिम लिएपछि पाहुनाको स्वागत र स्थानीय खानाका परिकार बनाएर खुवाउन सिपालु भइसकेका छन् ।

होमस्टेमा पहिला विदेशी पाहुँनाको आगमन हुने गरेकोमा अहिले होमस्टेमा आएका विदेशी र स्वादेशी पाहुँनाको राम्रोसंग स्वागत् गरी गाउँ पनि घुमाउन थालेका छन् स्थानीयले । गाउँमा होमस्टे सञ्चालन गरेसंगै विदेशी तथा स्वादेशी पाहुँनाको आगमन बढेको छ । होमस्टेका सचिव मनोज विश्वकर्माका अनुसार धेरैजसो अमेरिका, फ्रान्स, जर्मन, स्वीजरल्याण्ड, जापान, इन्डोनेसिया, अस्ट्रेलिया र फिनल्यान्ड लगायत १८ मुलुकका पर्यटकले आँपस्वारा दलित होमस्टेको भ्रमण गरिसकेका छन् । केही नेपाली पर्यटकहरू पनि आएका छन् । दलित गैरदलित सबै होमस्टेमा आएर एकै परिवार जसरी बस्ने गरेका छन्। दलित भनेर छि छि दूरदूर गर्ने संस्कारभन्दा माथि आइसकेको होमस्टे सञ्चालकहरू बताउँछन् । होमस्टे सञ्चालनसंगै समाजिक संस्कारमा समेत विस्तारै परिवर्तन हुँदै गरेको छ। होमस्टेका कारण गाउँमा पर्यटकहरूको चहलपहल पनि बढेको छ । पछिल्लो समयभने कोरोना संक्रमणका कारण पर्यटकको आगमन घटेको छ । गाउँमा होमस्टे सञ्चालन गरेसंगै स्थानीयले गाउँघर सफा सुग्घर राख्न, बारीमा सागतरकारी लगाउन, आँगनमा फलफूल रोप्न थालेका छन् । होमस्टेमा आउने पाहुँनालाई गाउँमै उत्पादित खानाका परिकार खुवाउने गरिन्छ । गाउँमा पर्यटक आउन थालेदेखि गाउँको उत्पादन गाउँमै खपत भएको छ । होमस्टे सञ्चालन ल्याएसंगै गाउँमा पर्यटकको आगमन र आम्दानी मात्रै नभई महिलाहरूमा नेतृत्व विकास पनि भएको छ । दुईचार जना मान्छेका अगाडि बोल्न डराउने महिलाहरू अहिले निर्धक्काका साथ आफ्ना कुरा राख्न सक्ने भएका छन् । प्रकृति र ग्रामीण वातावरणसंग रमाउँदै दलित समुदायको संस्कृति, रहनसहन अध्ययन तथा अवलोकनका लागि आँपस्वारा आकर्षक गन्तव्य हो । साग, गुन्द्रुक, सिस्नो, ढिंडो, भुटेको मकै, भटमास, निउरो, कोदोको रोटी लगायतका स्थानीय उत्पादनको स्वाद चाँख्दै यस होमस्टेबाट मनास्लु, अन्नपूर्ण हिमशृंखलाको साथै सूर्योदय र सूर्यास्तको सुन्दर दृश्य अवलोकन गर्न पाइन्छ ।

इ.नं. ९४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ प्यान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ प्यान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# महिलामाथि हुने हिंसा भित्रका कुरा

प्रत्येक वर्ष २५ नोभेम्वरदेखि १० डिसेम्वरसम्म १६ दिनसम्म महिला हिंसाविरूद्ध दिवसका रूपमा मनाउने गरिन्छ । संयुक्त राष्ट्रसंघको सन् १९९९ को महासभाले नोभेम्वर २५ लाई महिला हिंसा विरूद्धको दिवसकारूपमा मनाउने निर्णय गरेको हो । नेपालमा पनि यो दिवस विभिन्न क्रियाकलाप र कार्यक्रमहरूको आयोजना गरी अन्तर्राष्ट्रिय महिला हिंसाविरूद्ध दिवस मनाइँदै छ ।

लैंगिक विभेदका कारणले महिलामाथि हुने हिंसालाई महिला हिंसा भनिन्छ । महिलामाथि शारीरिक, मानसिक र संवेगात्मक रूपमा क्षति पुऱ्याउने कुनै पनि कार्य हिंसा हो । सामान्य अर्थमा हिंसा भनेको कुटनु, पिट्नु वा ज्यान मार्नु मात्रै होइन, बोली–व्यवहारबाट पनि कसैको भावनामाथि चोट पुऱ्याउने कार्य पनि हिंसा हो । हिंसा कुनै व्यक्ति वा समुदायमार्फत अर्को कुनै व्यक्ति वा समुदायमा हुन सक्छ। यसअन्तर्गत कुटपिट गर्नु, झगडा गर्नु, असहयोग, दबाब, चेलीबेटी वेचबिखन गर्नु, फोहोर शब्द प्रयोग गरेर गाली गर्नु कुनै पनि हुन सक्छ। लैंगिक दृष्टिकोणले हेर्दा महिलामाथि विभिन्न असहज र अश्लिल कुरा सुनाउने कार्यहरू यौनजन्य हिंसाभित्र पर्दछ ।

नेपालमा महिला हिंसाविरूद्ध लामो अभियान जारी छ । दर्जनौं संघ संस्था हिंसालाई न्युनिकरण गर्न लागिपरेका छन्। तैपनि समाजमा महिला हिंसाका घटना दिन प्रतिदिन बढ्दै गएका छन् । महिला अधिकारकर्मी र समाजका विभिन्न पेसाकर्मी महिला हिंसा रोक्न तथा अपराधीलाई कडाभन्दा कडा सजाय दिलाउन भनेर आन्दोलन गर्दै छन् । मुलुक भित्रका विभिन्न कुना कन्दरामा महिलामाथि भएका विभिन्नखाले घटना सञ्चार माध्यममा आउने गर्दछ। तर पनि महिलामाथि ज्यादती भएका घटना सार्वजनिक भइरहेका छन्। महिला हिंसाविरूद्ध यति ठूलो जनचेतना फैलाउने प्रयास हुँदाहुँदै पनि महिला प्रताडित हुनुपर्ने अवस्था साँच्चै लज्जास्पद हो । नेपालमा महिलामाथि विभिन्न खाले विभेद हुने गरेका छन् । यसका लागि हाम्रो परम्परागत गलत संस्कृति अर्कोतर्फ आधुनिकरणको नाममा पाश्चात्य छाडा संस्कृतिले पनि काम गरेको छ ।

नेपाली समाजमा महिलामाथि हुने विभेद हिंसा नयाँ कुरा होइन । यस्ता वा त्यो राजनीतिक दलको पिछलग्गु बन्ने नागरिक समाज र मानवअधिकारवादी संघसंस्थाका कारणले पनि महिला हिंसा अन्त्य हुनसकेको छैन । नेपालको नागरिक समाज र बहुसंख्याक गैरसरकारी संस्थामा समस्या समाधान गर्नेभन्दा समस्यालाई देखाएर तथा समस्यालाई यथावत राखेर त्यसलाई मागी खाने भाँडोको रूपमा प्रयोग गरिरहने परम्परा नै बनिसकेको छ । यसैले हजारौं र सयौंको सख्यामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र निकाय सक्रिय रहेको देखिए तापनि सडक बालबालिका, महिला हिंसा तथा मानव बेचबिखन जस्ता समस्या घटनुको सट्टा झन् विकराल हुँदै गइरहेको छ ।

नेपाली नागरिकका सम्पूर्ण मानवअधिकारको रक्षा र सुनिश्चितताको संवैधानिक जिम्मेवारी पाएको राष्ट्रिय मानवअधिकार आयोग, महिलाको अधिकारको रक्षाका लागि स्थापित राष्ट्रिय महिला आयोग र दलित आयोग जस्ता निकाय कमजोर निकम्मा भूमिकाविहीन तथा भ्रष्टाचार र राजनीतिक हस्तक्षेपका सिकार भएका कारणले पनि मानवअधिकार उल्लघन तथा महिला हिंसाका घटना घट्नुको सट्टा बढिरहेको छ । नेपालका राजनीतिक दल तथा नेतामा मानवअधिकारको संस्कृतिको विकास नहुनु तथा उनीहरूमा मानवअधिकार प्रतिको प्रतिबद्धता र इच्छाशक्तिको कमी हुनाले पनि नेपालको समग्र मानवअधिकारको अवस्था नाजुक र दयनीय रहँदै आएको छ ।


के.बि. मसाल

> नेपाली समाजमा महिलामाथि हुने विभेद हिंसा नयाँ कुरा होइन । यस्ता घटना पहिले पनि नघटेका होइनन् तर अहिले सञ्चार क्षेत्रको विकास, महिलामा बढेको चेतना, राजनीतिक परिवर्तन र भूमण्डलीकरण आदि कारणले यस्ता घटना सार्वजनिक भइरहेका छन । यसको कारण महिलामाथि हुने हिंसा हाम्रो नेपाली समाजको धर्म, संस्कृति र परम्परा बीचको सम्बन्ध रहेको पाइन्छ ।

प्रकारका हिंसात्मक कार्यहरू भएको पाइन्छ। यस्ता हिंसामा शारीरिक र मानसिक दुवै खालका हिंसा हुने गर्दछन्। बलात्कार, यौनशोषण, बालविवाह, बहुविवाह र दाइजोजस्ता कुराबाट हुने हिंसा शारीरिक हिंसा हुन भने कार्यालय र अन्य ठाउँमा हुने खालका बोली, सकेत अन्य आदिबाट गरिने दुर्व्यवहार, अपमान, भेदभाव आदि मानसिक हिंसाका रूपमा रहेका छन । यस्ता हिंसाहरू उचित मात्रामा चेतनाको अभाव, अधिकारको अभाव तथा अन्य वातावरणले समेत बढेको देखिन्छ। खासगरी एकल महिलामाथि हुने दुर्व्यवहार र मानसिक पीडा पनि यसै अन्तर्गत पर्दछ ।

विभिन्न अध्यनहरू अनुसार संसारभरिका प्रत्येक तीन मध्ये एक महिलाले आफ्नो जीवनकालमा कुनैनकुनै प्रकारको हिंसा भोगेका हुन्छन् र धेरैजसो हिंसा भने उनिहरूका निकट, प्रेमी, विश्वासपात्र या जीवनसाथीबाट भोगेका हुन्छन् भन्ने जनाइएको छ । त्यस्तै अर्को अध्यनले संसारभरिका ३५ प्रतिशत महिलाहरूले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको शारीरिक वा यौनजन्य हिंसाको शिकार भएका हुन्छन् भन्ने तथ्याकले देखाउँछ । अर्कोतर्फ पुरूषहरूबाट कहिलेकाँही जानअञ्जानमा महिलाको संवेदनामा ठेस पुग्ने महिला हिंसाजन्य कार्यहरू भईरहेको हुन्छ । महिला हिंसाका क्रियाकलापहरू फराकिलो दायरा अन्तर्गत महिलाहरूको स्वीकृती बेगैर उनिहरूलाई घटना पहिले पनि नघटेका होइनन् तर अहिले सञ्चार क्षेत्रको विकास, महिलामा बढेको चेतना, राजनीतिक परिर्वतन र भूमण्डलीकरण आदि कारणले यस्ता घटना सार्वजनिक भइरहेका छन । यसको कारण महिलामाथि हुने हिंसा हाम्रो नेपाली समाजको धर्म, संस्कृति र परम्परा बीचको सम्बन्ध रहेको पाइन्छ । कम्लरी, देवकी, छाउपडी, बहुविवाह, दाइजो प्रथा, छोराछोरीबीचको भेदभाव, कुमारी प्रथा, बोक्सी लगायत अन्य अन्धविश्वास, कुरीति र कुसंस्कारको आधार धर्म, संस्कृति र परम्परा नै हो । यसकारण हाम्रो समाजको परम्परागत धर्म, संस्कृति, मूल्यमान्यता, सोच र चिन्तनमा आमूल परिर्वतन नभएसम्म महिलाविरूद्धमा हुने सबै खाले विभेद र हिंसाको अन्त्य हुन सक्दैन ।

यी परम्परागत कारणले गर्दा महिलामाथि हुने विभेद र हिंसाका पछाडि प्रायः स्वयं महिला नै रहने गरेका छन । दाइजो नल्याएको अथवा छोरा नजन्माएको निहुँमा बुहारीलाई मानसिक यातना दिने, कुटपिट गर्ने, घर निकाला गर्ने र जलाउनेसम्मका घटनामा सासूकै अहं भूमिका रहने गरेको पाइन्छ । अर्को तर्फ महिला हिंसाका घटनामा वृद्धि हुनका पछाडि देशको राजनीतिक अस्थिरता, अन्योल, कमजोर निरीह, भ्रष्ट र विदेश परस्त सरकार पनि हो । यसका साथै डलरको खेती गर्ने र मानवअधिकारप्रति गफ र ओठे प्रतिबद्धता देखाउने तथा यो

महिला हिंसाका घटनामा वृद्धि हुनुका पछाडि नग्नता र अश्लीलताका कारण पनि हाल भइरहेको जघन्य खालका महिला हिंसाका घटना घटिरहेका छन् । इन्टरनेट, साइबर, फेसबुकको विकास र त्यसप्रति बढदै गइरहेको नेपाली समाजको पहुँच पनि महिला हिंसा बलात्कारका लागि जिम्मेवार रहेका छन । नेपाली महिला त्यसमा पनि विशेषगरी युवा पुस्ताको लवाइमा बढ्दै गएको उच्छृङ्खलता, उत्ताउलोपन, नग्नता र अंग प्रदर्शन गर्ने प्रतिस्पर्धाका कारण पनि महिलामाथि हुने हिंसा र यौन दुर्व्यवहार बढ्दै गएको मानिन्छ । समाजमा व्याप्त जुवातास र मदिरासेवन जस्ता सामाजिक विकृति पनि महिलामाथि हुने हिंसाका लागि जिम्मेवार छनरू। जघन्य खालका महिला हिंसा र बलात्कारका घटना मदिरा सेवनकै कारण भएका छन। समाज क्रमशः हिंसात्मक बन्दै गइरहेको र नैतिकताको ह्रास हुँदै गइरहेको कारण पनि यस्ता आपराधिक घटना घटने गर्छन। खुला अर्थतन्त्र, पुँजीवादप्रतिको मोह र पैसा नै सबैथोक हो भन्ने सामाजिक मान्यताका कारण पनि नेपाली समाज अपराधीकरण र छाडापनतिर उन्मुख हुँदै गइरहेको छरू। नेपाली राजनीतिमा भइरहेको चरम अपराधीकरण र अपराधको राजनीतिकरणका कारण नेपाली समाजमा दण्डहीनता मौलाउँदै गइरहेको छ ।

माथि उल्लेखित तमाम कारणले गर्दा महिलाविरूद्ध हुने विभेद सबै खालका हिंसा अन्त्य गर्नका लागि यी सबै पक्षलाई विचार गर्नु आवश्यक छ । नेपाली राजनीतिमा क्रमभङगता, नेपाली समाजको

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ।

**वृष**
स्वास्थ्य सबल रहनेछ भने शत्रुहरु परास्त हुनेछन्। व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ।

**मिथुन**
धैर्य एवं लगनशीलताले मात्र उपलब्धि प्राप्त हुनेछ। कामको मेसो नमिल्दा व्यवहारमा पछि परिनेछ।

**कर्कट**
आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन्। स्वास्थ्य-चिन्ताले पनि सताउनेछ।

**सिंह**
अध्ययनमा बाधा हुनेछ र लक्ष्य प्राप्त गर्न समय लाग्नेछ। बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउला।

**कन्या**
मनपर्ने वस्तु, उपहार प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्।

**तुला**
अरूको भरले मात्र काम पूरा नहुन सक्छ। अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा सामान्य लाभ हुनेछ।

**वृश्चिक**
भूमि, वाहन र कर्मयोगबाट लाभ मिल्नेछ। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ।

**धनु**
प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ।

**मकर**
पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला।

**कुम्भ**
परिस्थिति सबल नदेखिए पनि मिहिनेतले आशा जगाउनेछ। बुद्धिको उपयोगले केही काम बनाउन सकिनेछ।

**मीन**
आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ।

# महिलामाथि हुने हिंसा ....

परम्परागत सोच, चिन्तन, संस्कार र जीवन र जगत्लाई हेर्ने दृष्टिकोणमा परिवर्तन र राज्यका सबै संरचनामा आमूल परिवर्तन नआएसम्म महिला हिंसाको अन्त्य हुनसक्दैन । नेपाली महिलालाई हाम्रो सदियौंदेखि परम्परागत धर्म संस्कृतिले देवीको रूपमा पूजा गर्ने परम्परालाई आज उपोभोक्तावादी समाजले महिलालाई एउटा खेलौनाको रूपमा लिइने गरेको पाइन्छ ।

महिला भएकै आधारबाट मानव अधिकारको उपभोगमा गरिने विभेद, शारीरिक तथा मानसिक रूपबाट दिइने पीडा, प्रतिबन्धलगायत जुनसुकै तरिकाबाट महिलाको आत्म सम्मानमा पुऱ्याइने सबै किसिमको आघातलाई महिला हिंसाका रूपमा हुन । समाजमा महिला हिंसाको स्थिति कायम रहन विभिन्न तत्वले भूमिका निर्वाह गरिरहेका हुन्छन्। नेपालको सन्दर्भमा कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू अहिलेसम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्न खालका हिंसाको सिकार भैरहेका छन् । पम्परागत धार्मिक तथा सांस्कृतिक मान्यताले महिलालाई असमान त बनाएकै छ, देशमा विद्यमान कतिपय कानुनी व्यवस्थाले समेत महिलाको हैसियतलाई समान बनाउन सकेको देखिँदैन । देशमा धेरै ठूला राजनीतिक परिवर्तन भएका छन् तर ती परिवर्तनलाई निर्णायक बिन्दुमा पुऱ्याउन आफ्ना तर्फबाट भूमिका निर्वाह गर्ने नेपाली महिलाहरूको जीवन र मर्यादामा भने उल्लेखनीय परिवर्तन आउन सकेको छैन ।

समाजमा व्याप्त पितृसत्तात्मक सोच, अन्धविश्वास, पुरातन संस्कार एवं परम्परा, विभेदपूर्ण कानुन, लैंगिक असमानता, आर्थिक परनिर्भरता, अशिक्षा, गरिबी, नीति निर्माणको तहमा महिला प्रतिनिधित्वको न्यूनताजस्ता विषय नै महिलामाथि हिंसा हुनुका प्रमुख कारणका रूपमा देखिएका छन । पितृसत्तात्मक नेपाली समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा गरिने व्यवहार अहिले पनि जारी छ । महिला र पुरूषबीच विद्यमान यही सामाजिक विभेदका कारण पनि महिलामाथि हिंसा भैरहेको छ । महिलामाथि हत्या, बलात्कार, यौन दुर्व्यवहार, अपहरण, बेचबिखन, कुटपिट, आगो लगाउने, विष ख्वाउने, एसिड खन्याएर कुरूप बनाउने, दैनिक घर–व्यवहारमा भेदभाव गर्ने, संस्कार एवं परम्पराका नाममा अधिकारबाट वञ्चित गर्ने गराउने, आत्मसम्मानमा चोट पुग्ने बोली र व्यवहार गरिने आदि घटना भैरहेका छन ।

महिला हिंसाअन्तर्गत पनि अधिकांश महिला आफ्नै घर परिवेशभित्र श्रीमान् तथा परिवारका अन्य सदस्यबाट पीडित छन । जसलाई घरेलु हिंसा भन्ने गरिएको छ । दाइजो नल्याएको, छोरा पाउन नसकेको, चरित्र राम्रो नभएको जस्ता आरोप लगाउँदै श्रीमान् तथा उनका परिवारका सदस्यहरूले पत्नी र बुहारीप्रति गर्ने व्यवहार अति नै अमानवीय रहँदै आएको पाइन्छ । श्रीमानले बहुविवाह गरेर अघिल्ली श्रीमती तथा सन्तानप्रतिको जिम्मेवारी पूरा नगर्ने र कतिपय अवस्थामा घरबाट निकालिदिने अवस्थाका साथै महिलाहरू वैवाहिक बलात्कारबाट पनि उत्तिकै सताइएका छन । त्यस्तै सामाजिक तहमा हुने विभिन्न खालका हिंसाबाट पनि महिलाहरू उत्तिकै पीडित हुने गरेका छन । कामकाजमा रहेका महिलाविरूद्ध विभिन्न किसिमका टिप्पणी गरेर गरिने चरित्र हत्या, सार्वजनिक स्थल तथा सवारी साधनहरूमा दुर्व्यवहार एवं अपशब्दहरूको प्रयोग, काम गर्ने ठाउँमा हुने हिंसाजन्य व्यवहार व्यापक रूपमा हुने भए पनि सामाजिक तहमा भने यस्ता घटनालाई सामान्य ढंगले मात्र हेर्ने गरिएको छ ।

पछिल्लो समयमा महिला तथा बालिकामाथि हुने बलात्कारका घटना असामान्य ढंगबाट वृद्धि भैरहेका छन। कतिपय बलात्कारका घटनामा बलात्कारपछि पीडित हत्यासमेत हुने गरेको छ। बोक्सीको आरोपमा असहाय महिलाहरू मारिनेदेखि लिएर हदैसम्मको निकृष्ट व्यवहार सहन बाध्य छन । त्यस्तै प्रथा र परम्पराका नाममा व्यक्तिगत स्वतन्त्रता एवं अधिकारबाट वञ्चित हुँदै अझै पनि महिलाहरू देउकी र झुमाको जिन्दगी जिइरहेका छन् भने नेपालको पश्चिमी भेगमा कायम छाउपडी प्रथाका कारण महिलाहरू अहिलेसम्म पनि कुन तहको जीवन बाँचिरहेका छन् भन्ने प्रश्न खडा भएको छ । यौन व्यवसाय, सर्कसलगायत विभिन्न प्रयोजनका लागि भारत तथा खाडी मुलुकहरूमा बर्सेनि लगभग ५ हजार महिला तथा बालबालिका बेचिने तथ्यांक सार्वजनिक हुँदै आएको छ । त्यस्तै रोजगारीका लागि खाडीलगायत विभिन्न देश पुगेर घरेलु श्रमिकका रूपमा काम गर्ने महिलाहरूको शोषण एवं अत्याचार पनि बेलाबेलामा सार्वजनिक हुने गरेका छन् ।

सामाजिक इज्जत, प्रतिष्ठा तथा घरपरिवारको डरका कारण सकेसम्म महिलाहरू आफूमाथिका हिंसाका घटना बाहिर ल्याउन चाहँदैनन । अझ घरेलु हिंसाविरूद्धको उजुरीमा महिलाहरूले ठूलो त्रास खेप्नुपर्ने स्थिति छ । त्यसैले समाधानको कुनै विकल्प नभेटिएपछि मात्र यस्ता घटना सार्वजनिक हुने गरेको पाइन्छ । तर पनि विगतको तुलनामा अहिले महिला हिंसाका घटनामा उजुरी गर्ने क्रममा वृद्धि भएको छ । यस्ता घटनाविरूद्ध राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग, प्रहरी कार्यालयका महिला सेल, महिला तथा मानव अधिकार संस्था आदिमा पीडितहरूले निवेदन दिने गरेको पाइन्छ । सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा अदालतमा पेस हुने गरेका छन । नेपालमा राजनीतिक परिवर्तन र त्यसले सुनिश्चित गरेका संवैधानिक अधिकारको कुरामा बलियो अवस्थामा रहेको छ। तर त्यसको कार्यान्वयन र वास्तविक न्याय वा मानवअधिकारको अवस्थामा भने अझै सुधार आउन सकेको छैन। पछिल्लो समय बढ्दै गएको यौनजन्य हिंसा र हत्या तथा द्वन्द्वका पीडितहरूले अझै न्याय पाउन सकेका छैनन् । यस्तै अरू सामाजिक न्यायका कुरामा पनि समस्या देखिएको छ ।


## Bandipur Rural Municipality
### Office of the Rural Municipal Executive
**Bandipur, Tanahun**
Gandaki Province, Nepal

### Letter of Intent

(First Date of Publication: 2081/08/12)

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification below as per the Invitation for Bids published in the national daily newspaper on 23rd Asoj, 2081, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| S. N. | Contract ID No. | Name of Project | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. With VAT and PS | Remarks |
|---|---|---|---|---|---|
| 1 | BRM/NCB/ WORKS/ 10/2081/082 | Bandipur Hospital (Additional Construction work) | Bandipur Mulpani Builders Pvt. Ltd., Bandipur-04, Tanahun | 32,11,048.07/- | |

....................................
Chief Administrative Officer


# छोरी कम जन्मिएका हुन् .......

गराउनु, प्रजनन् दरमा कमी आउनु जिम्मेवार हुनसक्ने उनी बताउँछन्। छोरीको तुलनामा छोरा बढी जन्मिनुमा सामाजिक कारण छोरा चाहिन्छ भन्ने प्रवृत्ति धेरै भएको हुनसक्ने वरिष्ठ प्रसूति तथा स्त्रीरोग विशेषज्ञ सङ्गीता मिश्रा बताउँछिन् ।

लिङ्ग पहिचान गरेर भ्रुण हत्या गर्नु त कानुन विपरीत हो । तैपनि प्रविधिको प्रयोग गरेर लिङ्ग पहिचानबाट छोरी भए गर्भपतन गर्ने र छोरा भए जन्माउने भएर पनि यस्तो भएको हुनसक्छ तर यो कहाँ भइरहेको छ भन्ने कुरा भने यकिन भन्न सक्ने अवस्था नभएको मिश्रा बताउँछिन् ।

नेपाली समाजमा छोराछोरी बराबर हो, छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेत छ । तर केही नहुनु भन्दा छोरी हुनु ठीक हो तर सकेसम्म छोरा नै भइदिए हुन्थ्यो भन्ने लैङ्गिक विभेदले मनमा जरा गडेको छ । त्यही मानसिकताका कारण छोरा जन्मिने दर बढेको समाजशास्त्री मीना पौडेल बताउँछिन् ।

**कस्तो अवस्थामा छोरा कस्तो अवस्थामा छोरी जन्मिन्छ ?**

छोरा वा छोरी के जन्मिन्छ भन्ने कुरा कुनै पनि दम्पतीले निर्धारण गर्न सक्ने कुरा होइन । गर्भको बच्चा छोरा हुने वा छोरी हुने कुरामा पुरूषको कुन क्रोमोजोमले महिलाको डिम्बलाई निषेचन गरेको छ, त्यही कुरामा निर्भर हुने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ सुनिता व्यञ्जनकार बताउँछिन् । उनी भन्छिन्, 'चिकित्सा विज्ञानका अनुसार यौन सम्पर्कको क्रममा स्खलित हुँदा पुरूषले धेरै शुक्रकीट निस्कन्छन्। ती शुक्रकीटमा केही छोरा जन्माउने क्रोमोजोम हुन्छन् भने केहीमा छोरी। यसरी शुक्रकीट जब डिम्बसम्म पुग्छ, यसले डिम्बलाई निषेचित गर्छ ।'

डिम्ब न्युट्रल हुन्छन् अर्थात् न पुरूष न त महिला । डिम्बमा दुई 'एक्स' क्रोमोजोम मात्रै हुन्छन् भने शुक्रकीटमा 'एक्स' र 'वाई' दुवै क्रोमोजोम हुन्छन् । महिलाको एक्स क्रोमोजोम र पुरूषको वाई क्रोमोजोमको मिलन भएमा छोरा जन्मिन्छ भने महिलाको एक्स क्रोमोजोम र पुरूषको पनि एक्स क्रोमोजोम नै मिलन भयो भने छोरी जन्मिने डा. व्यञ्जनकार बताउँछिन् ।

**कस्तो हुनुपर्छ नीति ?**

त्रिभुवन विश्वविद्यालय जनसंख्या अध्ययन केन्द्रीय विभागका प्रमुख प्रा. योगेन्द्रबहादुर गुरूङ भन्छन्, 'जनसंख्या यसरी घट्नु राम्रो कुरा होइन । अब सोचविचार गरेर अर्को नीति बनाउनुपर्छ । राज्यले छोरा र छोरीबीचको असमानता हटाउन कानुनी व्यवस्था गर्नुपर्छ ।'

नेपालमा रहेका १४२ जातजातिमध्ये केही समुदायको जनसंख्या एक हजारभन्दा कम रहेको र प्रजननदर घट्दै गएमा ती समुदायको अस्तित्व नै संकटमा पर्न सक्ने उनी चेतावनी दिन्छन्। 'केही समुदायमा प्रोत्साहन गरेर छोराछोरी समान रूपमा जन्माउने कानुन ल्याउनुपर्छ' गुरूङ सुझाउँछन्। पछिल्लो लैङ्गिक अनुपातको असर अहिलेका बालबालिका विवाह गर्ने उमेरमा पुग्दा देखिने भन्दै परिस्थिति विगतको चीनकै जस्तो हुन सक्ने उनको आकलन छ। अनलाइनखबर


उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।



शुभबिवाह, ब्रतवन्ध तथा साँस्कृतिक कार्यक्रम
• भिडियोग्राफी
• फोटोग्राफी
• वृत्तचित्र निर्माण



B.B.MEDIA PVT.LTD.
TANAHUN, DAMAULI
Contact Us
9846245044 | 9804185859



## बीमितले सेवा लिन आउँदा ध्यान दिनुपर्ने कुराहरु

- बीमाको सेवा लिन आँउदा अनिवार्य रूपमा परिचयपत्र लिएर आउने
- बिरामी नपरी अनावश्यक चेकजाँच र औषधी लिनको लागि दबाव दिनुहुदैंन ।
- ३ महिनाको Capping Period भएकोले सेवा लिइसकेपछि (औषधी, फार्मेसी र अन्य) यो अवधि भित्र बीमामा सोही समस्याको उपचार नहुने व्यवस्था छ ।
- प्रथम सेवा बिन्दुबाट प्रेषण (Refer) भएर आउँदा अनिवार्य रूपमा प्रेषण (Refer) कागज लिएर आउनु पर्दछ ।
- दमौली अस्तालमा उपलब्ध सेवाका लागि प्रेषण लिएर जान नमिल्ने तर डाक्टरको सिफारिसमा प्रेषण (Refer) लिएर जानु पर्दछ ।
- बीमाको सेवा लिएको रकमबाट १० प्रतिशत सहभुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।
- नेपाल सरकारले उपलब्ध गराएको वा बीमामा उपलब्ध हुने सेवाहरू बाहेक बीमितले रकम बुझाउनुपर्ने व्यवस्था छ ।
- बीमाको म्याद सकिएको यकिन गर्ने र समयमा नै नविकरण गर्ने
- भीड व्यवस्थापन गर्न प्रेषणको लागि सकेसम्म बिहान ९ बजे भन्दा अगाडि वा २ बजे र ४ बजे आउने ।

थप जानकारीका लागि बीमा सेवा कक्षमा सम्पर्क गर्नुहुन अनुरोध छ ।


अनुरोधक
दमौली अस्पताल
दमौली, तनहुँ



## स्वास्थ्य परीक्षण सम्बन्धी सूचना

**यही मंसिर १५ गते शनिबार**

१) जी.पी. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ । *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*



मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

सम्पर्क : व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

हाम्रा उपलब्ध सेवाहरू

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीया फार्मेसी सेवा



## अपाङ्गताको आधारमा भेदभाव नगरौं

अपाङ्गताको आधारमा कसैलाई पनि :

- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने,
- सेवा सुविधाबाट अलग्याउने,

लगायतका कार्य कानूनी तथा सामाजिक अपराध हुने, त्यस्ता कार्य नगरौं, नगराऔं ।

अपाङ्गताको आधारमा गरिने विभेद विरूद्ध खुलेर बोलौं, अपाङ्गता भएका व्यक्तिको सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**पानीको मुल नजिकै ढुंगा उत्खनन् गरिदै :** तनहुँको भानु नगरपालिका-१३ मिर्लुङ ठूलोढूङ्गाको पयास्वाँरास्थित सतीपानीमा सडक विस्तारका लागि स्काभेटरको प्रयोग गरी ढुङ्गा निकालिदै । सडकको तल्लो भागमा खानेपानीको मुल रहेको हुँदा वातावरणीय अवस्थाको मूल्याङ्कननै नगरी स्काभेटरको प्रयोग गरी ढुङ्गा निकाल्ने कार्य गरिएकाले खानेपानीको स्रोत नासिनुका साथै पहिरोको उच्च जोखिममा पर्ने खतरा बढेको छ ।
*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

facebook twitter



**Manzari**
x.com/Manzari77
पित्तल कहिले भेट्ने छैन सुनको तुलनामा,
तारा कहिल्यै चम्कीदैन जुनको तुलनामा,
मान्छे राम्रो देखिनु,लाग्नु हेर्ने दृष्टिकोण हो,
रूपले कहिल्यै भेट्ने छैन,गुणको तुलनामा।।



**एकल यात्री**
x.com/Trvms111
"संगत राम्रो हुनुपर्छ, खराब संगत हुनेहरू राम्रो हुनै सक्दैनन कहिल्यै पनि र आफ्नो दुश्मनसँग दोस्ति गर्नेहरू झन आफ्ना लागि महा दुश्मन हुन्छन त्यसैले दुश्मनसँग दोस्तिको हात बढाउनै सकिदैन चाहे जुनसुकै लेभलको किन नहोस। जस्तोसुकै परिस्थितिमा पनि दुश्मनको साथ लिनु हुदैन"



**निश्चल**
x.com/ncktm
२० वर्षेको स्क्रयाप गरेको नम्बर प्लेट अहिलेपनि लाखौंमा बिक्री भइरहेको छ । २० वर्षे गाडी हटाउनेसँगै सरकारले नयाँ दर्ता पनि खोल्नुपर्छ । लामो समयदेखि सिण्डिकेट छ । स्क्रयाप गरेको नम्बर प्लेट लाखौंमा बिक्री भइरहेको छ, जुन गैरकानुनी हो ।

# मुस्ताङको मार्फामा बढ्दै पर्यटक

**सन्तोष गौतम**/म्याग्दी

घरपझोङ गाउँपालिका-२ मा रहेको मार्फा गाउँ मुस्ताङ घुम्न जाने पर्यटकहरूको रोजाइमा परेको छ । एकैनासको घरको मार्फाको बाक्लो बस्तीबीचको पदमार्गमा पर्यटकहरू बिहानदेखि साँझसम्म तस्बिर र भिडियो खिचेर रमाइरहेको भेटिन्छन् । स्याउको राजधानीका रूपमा परिचित मार्फा पछिल्लो समय पर्यटकको रोजाइमा परेको स्थानीय चन्द्रमान लालचनले बताउनुभयो ।

"दुई/तीन वर्षअघिसम्म छिटपुट पर्यटक घुम्न आउने मार्फामा चलचित्र जेरी र कबड्डी छायाङ्कन पर्यटकको पनि चहलपहल बढेको हो", उहाँले भन्नुभयो, "बेनी–जोमसोम सडक बनेपछि यहाँ मुस्ताङ आउने पर्यटकको रोजाइमा मार्फा पर्न थालेको छ ।" चलचित्रले चिनाएको गल्ली मार्फाको बिचमा रहेको 'जेरी' गल्लीमा सबैभन्दा धेरै पर्यटकहरू झुम्मिएका भेटिन्छन्। जेरी चलचित्र छायाङ्कन भएपछि गल्लीको नाम भक्तिगल्लीबाट जेरी भएको छ । स्थानीयवासीले रङ्गको स्याउको आकृतिको साइनबोर्डमा नाम लेखेर टाँसेका छन् ।

चोकको नजिकै भक्तिप्रसाद हिराचनको घर भएकाले भक्तिगल्ली भनिएको थियो। भक्तिप्रसाद आफैँले चोकलाई जेरी नामकरण गरिदिनुभएको हो । "साइनबोर्ड राखेपछि यहाँ आउने पर्यटकले फोटो, भिडियो खिच्न, टिकटक बनाउन थालेसँगै प्रचारप्रसार भएको हो", भक्तीप्रसादले भन्नुभयो, "यस्तो धेरै प्रचार होला र पर्यटक आउलान् भनेर सोचेको थिइन् । अहिले खुसी लागेको छ।"

पर्यटकहरूले हिमाली भेगको पोसाक बख्खु लगाएर मार्फाको पदमार्ग र गल्लीमा तस्विर, भिडियो खिच्ने र सामाजिक सञ्जालमा राख्ने गर्छन्। स्थानीय ब्यापारीहरूले बख्खु भाडामा लगाउँछन् । एक पटक बख्खु लगाएको रू दुई सयदेखि तीन सय भाडा तिर्नुपर्छ। यसैगरी याकको डमी पनि राखिएको छ । याकको डमीमा चढेर तस्विर खिचाएको रू १५० र सँगै तस्बिर खिचाउँदा रू ५० शुल्क तिर्नुपर्छ । मुस्ताङ भ्रमणको सम्झनाका लागि हिमाली पोसाकमा सजिएर मौलिक घरहरू भएको बस्तीभित्र तस्बिर र भिडियो खिचाएको विराटनगरबाट आएकी रिमा लुईंटेलले बताउनुभयो । "सामाजिक सञ्जालमा जेरी गल्लीको भिडियो देखेपछि कस्तो रहेछ भनेर आएको हो", उहाँले भन्नुभयो, "हेर्दा राम्रो मार्फा गाउँ, खाँदा मिठो मार्फा स्याउ भन्ने गीत सुन्दा गरेको परिकल्पना ठ्याक्कै मिल्यो ।"

**मार्फाका गल्लीहरूको नामकारण**

मुस्ताङ भ्रमणमा आउने सबैजसो नेपाली मार्फा घुम्न आउने गरेको स्थानीयवासी रहेका घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले बताउनुभयो। गत कात्तिक महिनामा एक लाख १३ हजार पर्यटक मुस्ताङ भ्रमणमा आएका थिए । पर्यटक आगमन बढेपछि मार्फा गाउँ छिर्नेदेखि बाहिरिने ठाउँसम्म रहेका ११ वटा गल्लीलाई स्थानीय नाम र नम्बरसहितको साइनबोर्ड राख्न लागेको उहाँले बताउनुभयो । अध्यक्ष लालचनका अनुसार गल्लीलाई अमरसिङ, लुक्ने, वुद्ध, झाँत्री, धौलागिरी बेसक्याम, हाङ, जेरी, ढात्रे, कमेडियन, स्ट्रेस फ्रि नामकरण गरिएको छ ।

"विद्युत्को तार भूमिगत गरिएको मार्फाको बस्तीभित्र रातमा बत्ती बालेर उज्यालो पारिएको छ", उहाँले भन्नुभयो, "पर्यटकलाई सहजताका लागि गल्लीको नामासँगै संख्याको साइनबोर्ड राख्न लागेका हौं ।"

**संस्कृति र प्रकृतिमा धनी**

मुख्य पदमार्गमा यसअघि नै ढुङ्गाको छपनी विछ्याइएको छ। स्थानीयले घर अगाडिको पैदलमार्ग सरसफाइ गर्छन् । शाखा पैदलमार्गमा पनि छपनी ढुङ्गा विछ्याउने काम भइरहेको छ । रसिला र स्वादिलो स्याउ उत्पादन हुने मार्फा संस्कृति र प्रकृतिमा धनी छ ।

मार्फाका ७९ वर्षीया लालप्रसाद हिराचन संस्कृति र प्रकृतिको धनी मार्फा कृषि पर्यटनको नमूना भएको बताउनुहुन्छ । "मार्फाको स्याउबारी, थकालीको रहनसहन, जीवनशैली, मौलिक संस्कार, कला संस्कृति, गुम्बा, गुफाले पाहुनालाई लोभ्याउँदै गएको छ", उहाँले भन्नुभयो, "मुस्ताङ आउने पर्यटकको बसाइ लम्बाउन र उनिहरूलाई भुलाउन मार्फामा धेरै आकर्षणहरू छन् ।"

सेतो र रातो माटोले लिपेका झुरूप्प मिलेका मार्फाका घरमा माटोकै छाना र छानामाथि दाउरा चिनेर राखिएको छ । मार्फालीले शताब्दीऔँ अघिको मौलिकता बचाएर राखेका छन्। कालीगण्डकी नदी किनारको फाँटमा स्याउबारीको हरियाली र कुनातर्फ सुक्खा पहाड छ । वसन्त ऋतुमा स्याउ फुल्दा र शरदयाममा लटरम्म दाना लागेका स्याउ बगैंचा डुल्दा प्रकृतिको काँखमा रमाएको महसुस हुने काठमाडौंबाट मार्फा आएका रामशरण अधिकारीले बताउनुभयो ।



लालचन, हिराचन, ज्वारचन र पन्नाचन थरका थकाली समुदायले बस्ती बसालेको एक सय ५० घरपरिवारको बसोबास रहेको मार्फामा दलित समुदायको पनि बसोबास छ। यहाँका परम्परागत घरमा बिस्कुन सुकाउन र पानी नचुहियोस् भनेर छानाको चारैतिर दाउरा चिरेर राख्ने चलन छ । मार्फाको शिरमा स्याउ उद्यान निर्माणाधीन छ । जहाँबाट मार्फा गाउँ र स्याउ बगैंचाको दृष्य अवलोकन गर्न सकिन्छ । दर्जनौं स्वदेशी तथा विदेशी चलचित्र छायाङ्कन भएको मार्फाका घरमा स्थानीय पहिचान झल्किने कलात्मक वस्तुहरु सजाएका छन्।

मार्फाको पश्चिमतर्फको पहाडको भित्तामा प्राकृतिक कलात्मक दृष्य देखिन्छ । सम्तेलिङ गुम्बा मार्फाको धार्मिक सम्पदा हो। गाउँमाथिको पाखामा रहेको करिब तीन सय वर्ष पुरानो भीर गुम्बा अर्को आकर्षण पनि छ । उक्त गुम्बामा विपद् नहोस्, खेतीबाली सप्रियोस् र रोग ब्याधी नआवास भनेर पुजाआजा गर्ने चलन छ । जापानी भिक्षु तथा अन्वेषक एकाइ कावागुची सन् १८८८ मा बुद्ध धर्मको अध्ययनका लागि तिब्बत जाने क्रममा बसेको घरलाई कावागुची घर नामकरण गरिएको छ । एकाइ कावागुचीलाई नेपाल–जापान सम्बन्धका दूत मानिनुहुन्छ।

हिमाली क्षेत्रका फलफूल, तरकारी र खाद्यबालीको अनुसन्धान तथा विकासका लागि मार्फामा शितोष्ण बागबानी विकास फार्म छ। कृषिसम्बन्धी अध्ययन अनुसन्धान र स्याउ बारी अवलोकन गर्न फार्ममा पर्यटक भुल्ने गर्छन् ।

देशका विभिन्न ठाउँबाट कृषक समूह र कृषि प्राविधिक अवलोकन भ्रमणमा आउँछन् । शितोष्ण बागबानी विकास केन्द्रको नजिकै मृदी गुफा छ । छोर्तेन आकृतिको गुफामा वौद्ध धर्मगुरू रिम्पोचेको मूर्ति रहेको स्थानीय ज्ञानु पन्नाचनले बताउनुभयो । स्याउको राजधानीले परिचत मार्फाका स्थानीयको मुख्य आम्दानीको स्रोत कृषि र पर्यटन हो। स्याउ बगैंचाभित्र अन्तरबालीका रूपमा उवा, जौ, आलु, फापर, डाबर, सिमी र तरकारी लगाउँछन्। चौडापाते मार्फा रायो जातको साग मार्फामा विकास भएको हो ।

मार्फामा छ वटा स्याउको ब्रान्डी बनाउने उद्योग छन् । पर्यटकको सुविधाका लागि मार्फामा २० भन्दाबढी होटेल सञ्चालनमा छन्। मुस्ताङ घुम्न आउने पर्यटकहरूले मार्फाका कोसेली घरबाट स्याउ, सकुटी, दाल, ब्रान्डी किनेर लैजाने गर्छन् । रासस

# स्याङ्जाका स्कूले पढ्दै, कुखुरापालनमा रमाउँदै

**रासस**/वालिङ

'पढ्दै कमाउँदै' कार्यक्रम अन्तर्गत बिरूवा गाउँपालिका-७ कुसुमभञ्ज्याङस्थित जीवनज्योति माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीले कुखुरापालन गरेका छन्। त्यसबाट उनीहरूले सामान्य खर्चको जोहो गर्दै आएका छन् । प्रधानाध्यापक सामबहादुर गुरूङका अनुसार पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मका बालबालिकाले विद्यालय परिसरमा नै कुखुरापालन गरेका हुन् । विद्यालय परिसरमा गिरीराज र कोइलरका दुई सय वटा कुखुरापालन गरिएको छ । पढाइको अलावा विद्यार्थीलाई व्यावहारिक ज्ञान, सीप दिनुका साथै विद्यालय तहबाट नै आम्दानीसँग जोड्न यो कार्यक्रमले महत्त्वपूर्ण टेवा पुगेको छ ।

"विद्यालय परिसरमा विद्यार्थीको प्रत्यक्ष रेखदेखमा कुखुरापालन गरिएको छ", उहाँले भन्नुभयो, "विद्यालय सञ्चालन भएका दिनमा विद्यार्थीले रेखदेख गर्ने भए पनि बिदाका दिनमा भने छुट्टै कर्मचारीको व्यवस्था मिलाएका छौँ ।" विद्यालयमा पालिएको कुखुराले दिने अण्डाबाट विद्यालयमै रहेको ह्याचिङ मेसिनबाट चल्ला उत्पादन गर्ने र बिक्री गरी आम्दानीका रूपमा दाखिला हुने गरेको छ । विद्यालयमा पढाइसँगसँगै सिकेको व्यावहारिक सीपलाई घर गएर पनि विद्यार्थीले उपयोग गर्न सक्ने बनाउन विद्यालयले चल्ला उत्पादन गरी उपलब्ध गराउँदै आएको छ ।

विद्यार्थीले घरमा चल्ला लगेमा नयाँ चल्ला उत्पादन भएपछि साँवास्वरूप फिर्ता गर्ने र बाँकी रहेका चल्ला वा तिनले दिएका अण्डा आफैँले बिक्री गर्न पाउने व्यवस्था विद्यालयले मिलाएको छ। "विद्यार्थीले विद्यालय वा घरमा पालेका कुखुरा, चल्ला तथा अण्डा बिक्री गर्न विद्यालयले सहजकर्ताको भूमिका निर्वाह गर्दै आएको छ", उहाँले भन्नुभयो, "विद्यार्थीले आफैँ बिक्री गर्न पनि सक्ने र बिक्री नभएको खण्डमा विद्यालयले बजारीकरण गर्ने उल्लेख भए तापनि हालसम्म विद्यार्थी स्वयंबाट सहज तरिकाले बिक्री भइराखेको छ ।"



चालु शैक्षिकसत्रसँगै थालिएको यो अभियान निकै प्रभावकारी ढङ्गले अगाडि बढेको दाबी प्रधानाध्यापक गुरूङको छ । यस अभियानलाई प्रभावकारी ढङ्गले अगाडि बढाउँदै विद्यार्थीलाई सीपसँगै आर्थिक उपार्जनसँग जोड्न समन्वयकारी भूमिका निर्वाह गर्न स्रोत शिक्षकको व्यवस्था मिलाएको उहाँले बताउनुभयो ।

विद्यार्थीले घरमा पालेका कुखुराको आम्दानी आफैँले किताब, कपी, कलमलगायत शैक्षिक सामग्री खरिदमा उपयोग गर्न सक्ने भएकाले परिवारमा आर्थिक बोझ कम हुने दाबी उहाँको छ । विद्यालयमा पालिएका कुखुरा, चल्ला तथा अण्डा बिक्रीबाट आएको रकम एकमुष्ट सङ्कलन गरी विद्यार्थीलाई दामासाहीले वितरण गरिन्छ ।

विद्यालयले मौरीपालन, च्याउखेती, सिलाइबुनाइ, वेल्डिङजस्ता व्यावहारिक सीप विद्यार्थीलाई सिकाउँदै आएको छ। साथै धान, मकै, कोदोलगायत खेती गरेर उत्पादित अन्न विद्यालय समयमा खाजाका रूपमा पनि प्रयोग गर्दै आएको छ ।

www.bhanjyangnews.com
Email : bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४